नेपाल सरकार
शिक्षा मन्त्रालय
# परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

## २०७२ सालको एसएलसी परीक्षामा सम्मिलित हुनका लागि एक्जाम्टेड परीक्षार्थीहरुको आवेदन फाराम भर्ने-भराउने र नियमित परीक्षार्थीहरुको अन्य विषय सम्बन्धी सूचना

२०७२ सालको एसएलसी परीक्षामा सम्मिलित हुन चाहने एक्जाम्टेड परीक्षार्थीहरुको आवेदन फाराम देहाय बमोजिम भर्नुभराउनु हुन आवेदन फाराम भर्ने परीक्षार्थी, आवेदन फाराम भराउने विद्यालय तथा जिल्ला शिक्षा कार्यालयहरु र सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) एक्जाम्टेड समूह**

१. परीक्षार्थीहरुले (क) रजिष्ट्रेसनको प्रतिलिपी (ख) एसएलसी परीक्षा २०७१ वा सो भन्दा पहिले अनुत्तीर्ण भएको लब्धाङ्क पत्रको प्रतिलिपीका साथ हालसालै खिचेको पासपोर्ट साइजको तिन प्रति फोटो टाँसी तोकिएको राजस्व दस्तुर सहित **२०७२ कार्तिक १ गते देखि २०७२ कार्तिक मसान्त भित्र** आवेदन फाराम सम्बन्धित विद्यालयमा बुझाइसक्नु पर्नेछ ।

२. परीक्षा दस्तुर एक्जाम्टेड : प्रति परीक्षार्थी रु. ५००।-

३. विद्यालयले परीक्षा शुल्क बापतको राजस्व जिल्ला शिक्षा कार्यालय/बैङ्कमा जम्मा गरिसक्ने अन्तिम **मिति २०७२ मङ्सिर ५ गते।**

४. विद्यालयले परीक्षार्थीहरुको वर्णानुक्रम अनुसार भरिएको **आवेदन फाराम** र सो बमोजिमको **समष्टिगत फाराम** सार्थ राजस्व जम्मा गरेको कागजात **२०७२ मङ्सिर ५ गते** भित्रमा नै जिल्ला शिक्षा कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

५. जिल्ला शिक्षा कार्यालयले बैङ्कमा राजस्व जम्मा गर्ने अन्तिम मिति : **२०७२ मङ्सीर ६ गते ।**

६. जिल्ला शिक्षा कार्यालयले एक्जाम्टेड तर्फको प्राप्त आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी विद्यालयगत (विद्यालय कोड नं. को कममा) रुपमा परीक्षार्थीको वर्णानुकम अनुसार सिम्बोल नम्बर कायम गरी **मङ्सिर १५ गते भित्र परीक्षा नियन्त्रण कार्यालयमा** पठाउनु पर्नेछ ।

७. परीक्षा आवेदन फाराम भर्दा विद्यार्थीले नियमिति अध्ययन गरेको विद्यालयबाट नै आवेदन फाराम भर्नु पर्नेछ । अन्य विद्यालयका विद्यार्थीको फाराम भराएमा आवेदन फाराम श्वतः रद्द हुनेछ साथै प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ ।

**ख) नियमित समूह (साधारण, प्राविधिक तथा खुला परीक्षार्थी) :**

१. जिल्ला शिक्षा कार्यालयले २०७२ साल आषाढ १५ गते सम्म भरिएका विद्यालयबाट प्राप्त परीक्षार्थीको वर्णानुकम अनुसारको आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी विद्यालयगत रुपमा (केन्द्रगत वा विद्यालय कोड नं.को कममा) परीक्षार्थीको वर्णनुकम अनुसार सिम्बोल नम्बर कायम गरी computer entry गरेर electronic copy र प्रमाणित hard copy सहित आवेदन फाराम र समष्टिगत फाराम समेत सम्लग्न राखी **२०७२ कार्तिक मसान्त सम्ममा** परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी पठाईसक्नु पर्नेछ ।

२. २०७२ सालको एसएलसी परीक्षामा सम्मिलित हुन यस बर्ष कक्षा १० मा ७५ प्रतिसत हाजिर भई नियमितरुपमा अध्ययन गरेको विद्यार्थीमात्र योग्य हुनेछ । खुला विद्यालयको हकमा खुला विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

३. विद्यालयले आवेदन फाराम भरिसकेको तर एसएलसी परीक्षामा सम्मिलित हुन योग्य नभएका तथा राजस्व जम्मा नगर्ने परीक्षार्थीको विवरण तयार गरी **२०७२ साल फाल्गुण १० गते** भित्र जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नु पर्नेछ ।

४. प्रत्येक विद्यालय (प्राविधिक तथा खुलासमेत) ले एसएलसी परीक्षा २०७२ मा सम्मिलित हुन योग्य परीक्षार्थीहरुको **प्रयोगात्मक प्राप्ताङ्क तालिका** र परीक्षा दस्तुर सहितको विवरण **२०७२ साल फाल्गुण १० गते** भित्र जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नु पर्नेछ ।

५. नियमित परीक्षार्थीहरुको (प्राविधिक तथा खुला विद्यालयका विद्यार्थीहरु समेत) परीक्षा शुल्क प्रति विद्यार्थी रु. ५००।- कायम गरिएको छ । सो बापतको राजस्व रकम जिल्ला शिक्षा कार्यालयले **२०७२ साल फाल्गुण १५ गते** भित्र बैङ्क दाखिला गरिसक्नु पर्नेछ ।

६. जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट प्राप्त विवरणको आधारमा परीक्षामा सम्मिलित हुन योग्य नभएका विद्यार्थीहरुको विवरण समष्टिगत फाराममा काटी परीक्षामा सम्मिलित हुन योग्य नभएका परीक्षार्थीहरुको विद्यालयगत विवरण छुट्टै रुपमा तयार गरी पछिसम्म फरक नपर्ने गरी २०७२ साल फल्गुण २० गते भित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्नेछ ।

७. प्रयोगात्मक अङ्क हुने विषयहरुको प्रयोगात्मक प्राप्ताङ्क मूल्याङ्कन गरी **विद्यालयको कोडको कमअनुसार** २०७२ फाल्गुण २० गते भित्र परीक्षा नियन्त्रण कार्यालयमा प्राप्त हुने गरी अनिवार्य रुपमा पठाईसक्नु पर्नेछ ।

८. २०७२ सालको एसएलसी परीक्षा केन्द्रहरु, केन्द्ररहने विद्यालयको नाम (कोड नं.समेत अनिवार्य) त्यस केन्द्रमा सामेल हुने विद्यालयको नाम (कोड नं.समेत अनिवार्य), परीक्षार्थी सङ्ख्या र ऐच्छिक विषयको विवरण (नियमित तथा एक्जाम्टेड) समेत खुलाई केन्द्रहरुको विवरण **२०७२ साल मङ्सीर २० गते** भित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाईसक्नु पर्नेछ । पठाइसकेको केन्द्र विवरणमा कुनै हेरफेर गर्न पाइने छैन ।

९. परीक्षा केन्द्र निर्धारण गर्दा गत बर्ष कायम भएका परीक्षा केन्द्रहरु नबढ्ने गरी निर्देशिकाले निर्धारण गरेका आधारहरुमा Home centre नपर्ने गरी केन्द्र निर्धारण गर्ने । यदी परीक्षा केन्द्र नबढाई नहुने अवस्थामा औचित्यता सहित परीक्षा नियन्त्रण कार्यालयबाट पूर्व स्वीकृति लिएरमात्र परीक्षा केन्द्र कायम गर्ने ।

१०. एसएलसी परीक्षा २०७२ मा सम्मिलित हुन आवेदन फाराम भरेका कुनै पनि समूहका परीक्षार्थीहरुको केन्द्र परिवर्तन हुने छैन।

११. नियमित तर्फ दोहोरो रजिष्ट्रेसन तथा आवेदन फाराम भरेको पाइएमा परीक्षा स्वतः रद्द हुनेछ ।

१२. कक्षा ९ मा रजिष्ट्रेसन फाराम भरेको विद्यालय वाहेक अन्य विद्यालयबाट परीक्षा आवेदन फाराम भरेको भए परीक्षा रद्द हुनेछ।

**परीक्षा नियन्त्रण कार्यालय**
**सानोठिमी, भक्तपुर**